# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

चिलिमे टावर (तेश्रो तल्ला), धुम्बाराही, काठमाण्डौ।

## मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको बाढी पश्त कम्पनीबाट गरिएका प्रयास तथा कार्यहरूको विवरणः

१. मिति २०८३ भदौ १० गते बिहान करिब ८:४० बजे रसुवा भोटेकोशी नदीमा अकस्मात विशाल बाढी आएको भनी रसुवागढी जलविद्युत् केन्द्र/आयोजना क्षेत्रबाट बाढीबाट बाँच्न सफल स्थानीयबाट कम्पनीमा जानकारी प्राप्त भएको । सो पश्चात फोनबाट बाढीको बारेमा बुझ्दा बाढीको मात्रा अत्याधिक विशाल रहेकोले सो क्षेत्रमा रहेका संरचनाहरूमा अत्याधिक क्षति हुन सक्ने तथा अधिकांश कर्मचारीहरू तथा अन्य मानिसहरू समेत सुरक्षित स्थान तर्फ जाने समय समेत नपाएको प्रारम्भिक जानकारी बिहान करिब ९:०५ बजे फोनबाट प्राप्त भएको। प्राप्त प्रारम्भिक जानकारीका आधारमा आयोजनास्थलको अवस्था तथा त्यहाँ कार्यरत कर्मचारीहरूको सुरक्षाबारे तत्काल चासो लिई काठमाण्डौ कार्यालयमा सबै कर्मचारीहरूलाई जानकारी गराई सबै कर्मचारीहरूले साइटमा रहेका कर्मचारीहरूसँग सम्पर्क प्रयास गरिएको। साथसाथै कम्पनीका केही सदस्यहरूबाट तल्लो तटिय क्षेत्रमा रहेका केही जलविद्युत आयोजनाहरूसंग सम्भव भएसम्म सम्पर्क गरी बिशाल बाढी आएको बारे जानकारी गराइएको।

आयोजनास्थलमा रहेका कर्मचारीसंग जानकारी संकलन तथा सम्पर्कको प्रयास गर्ने क्रममा केही कर्मचारीहरूले (**कुङकाङ घले, छिरिङ डोल्गर तामाङ र तन्जेन तामाङ**) निजहरू आयोजनास्थल नजिकै अन्य स्थानमा रहेको र जसोतसो भागेर आफ्नो ज्यान जोगाउन सफल भएको बाहेक अन्य कर्मचारीहरूको अवस्था जानकारी हुन नसकेको विवरण प्राप्त भएको।

तत्काले काठमाण्डौ कार्यालमा रहेका तथा साइटमा कार्य गर्ने कर्मचारीहरू जानकारी लिई सो दिन आयोजना क्षेत्रमा रहेका कर्मचारीहरूको कार्यस्थल सहितको विवरण संकलन गरि निजहरू मध्ये सम्पर्क हुन नसकेका कर्मचारीहरूको विवरण संकलन गरिएको।

प्राप्त प्रारम्भिक विवरण रसुवागढी जलविद्युत केन्द्र/आयोजनामा कार्यरत कर्मचारीहरू:

- **५१ जना कम्पनीका कर्मचारी**
- **६ जना दैनिक ज्यालादारीका कर्मचारी**
- **करिब ४२ जना विभिन्न ठेकेदारहरू अन्तर्गत कार्यरत जनशक्ति**

सम्पर्कविहीन भएको प्रारम्भिक जानकारी प्राप्त भएको।

साथै, कम्पनीका संचालक श्री **सुनौं औदी तमाङ** तथा निजको धर्मपत्नी समेत सम्पर्कविहीन हुनुभएको जानकारी प्राप्त भएको। कम्पनीको तर्फबाट खोज तथा उद्धार कार्यलाई थप प्राथमिकताका साथ अघि बढाइएको।

२. आयोजनास्थलमा रहेका कर्मचारीहरूको अवस्था तत्काल बुझ्न तथा सम्भावित उद्दार कार्य अघि बढाउन सञ्चालक समितिका केही सदस्यज्यूहरू तथा नि. प्रमुख कार्यकारी अधिकृत सहितको टोली विमानस्थल गई हेलिकप्टरमार्फत घटनास्थल जाने तयारी गरिएको। आयोजनास्थलमा पुग्न सक्ने हेलिकप्टरको व्यवस्था तथा चार्टरका लागि समेत तत्काल विभिन्न माध्यमबाट निरन्तर प्रयास गरिएको भएता पनि सो प्रयास सफल हुन नसकेको।

सो पश्चात खोज तथा उद्धारका लागि वैकल्पिक माध्यमबाट पुनः प्रयास गरि हेलिकप्टर उडानको प्रयत्न गरिएको।

कम्पनीको पहलमा काठमाडौं देखि टिमुरे सम्मको हेली उडान (Flight) बुकिङ गरि Fishtail Air को हेलिकप्टर मार्फत ३ जना कर्मचारीहरू (टिकानाथ पौडेल, साङ्गे वाङचुक लामा र कर्पु सोनाम वाइवा) को टोलीलाई आयोजनास्थल तथा आसपासका सम्भावित क्षेत्रहरूमा कर्मचारीहरूको खोजी तथा अवस्थाबारे जानकारी लिन परिचालन गरिएको। सो क्रममा २ जना कर्मचारीहरू टिमुरेमा नै बसी दिनरात आसपासका सम्भावित स्थानहरूमा खोजी कार्य गरेको र १ जनाले सो स्थानबाट बस्तुगत स्थितको बारेमा फोटो तथा भिडियो खिचिएको।

३. हेलिकप्टरमार्फत घटनास्थल पुग्ने प्रयास भइरहेकै समयमा उत्पन्न परिस्थितिबारे सञ्चालक समितिका सदस्यहरूलाई तत्काल जानकारी गराइएको। घटनाको गम्भीर्यतालाई मध्यनजर गरी सोही दिन साँझ ६:०० बजे सञ्चालक समितिको आकस्मिक बैठक बसेको। सो बैठकमा हेलीबाट आयोजनास्थल अवलोकन गरी फर्किएका कर्मचारीबाट प्राप्त भिडियोहरूको अवलोकन तथा अध्ययन गरिएको। बैठकमा बाढीका कारण आयोजनामा देखिएको सम्भावित क्षति कर्मचारीहरूको अवस्था, सो अवधीसम्म भएका खोज तथा उद्धारका प्रयास, सम्बन्धित निकायसँगको समन्वय तथा आगामी दिनमा गर्नुपर्ने खोज तथा उद्धार सम्बन्धी कार्यहरूका विषयमा छलफल भएको।

४. घटनाको दिन बिहान देखिनै जलविद्युत केन्द्रमा कार्यरत कर्मचारीहरूसँग सम्पर्क हुन नसकेको जानकारी प्राप्त भएपश्चात निजका परिवार तथा आफन्तजनहरूबाट कम्पनीको कार्यालयमा निरन्तर फोन गरी जानकारी माग हुन थालेकोले कम्पनीको तर्फबाट कर्मचारीहरूका आफन्तजनहरूसँग आवश्यक समन्वय गर्दै उपलब्ध भएसम्मको जानकारी प्रदान गर्ने, उनीहरूको अवस्था तथा घटनाक्रमबारे जानकारी गराउने र खोज तथा उद्धारका लागि भइरहेको प्रयासबारे नियमित रूपमा अवगत गराउने कार्य गरिएको।

साथै, आफन्तजनको गुनासो तथा जिज्ञासा सम्बोधन गर्न कम्पनी कार्यालयमै तत्काल Help Desk स्थापना गरी आवश्यक सूचना तथा समन्वयको व्यवस्था मिलाइएको।

५. कम्पनीको तर्फबाट सम्बन्धित सरोकारवाला तथा निकायहरूसँग तत्काल फोन सम्पर्क गरी आयोजनाको अवस्थाबारे जानकारी गराउने तथा खोज तथा उद्धारका लागि आवश्यक सहयोग एवं समन्वयको लागि अनुरोध गरिएको। यस क्रममा सम्बन्धित बैंक, बीमा कम्पनी, नेपाल विद्युत् प्राधिकरण (NEA), चिलिमे जलविद्युत् कम्पनी

रसुवागढी हाइड्रोपावर क. लि. RASUWAGADHI HYDROPOWER CO. LTD. 2011 A.D.

लगायतका सम्बन्धित निकायहरूलाई घटनाको प्रारम्भिक अवस्था तथा जलविद्युत केन्द्रको अवस्थाबारे जानकारी गराइएको। साथै सञ्चालक समितिको बैठकबाट भएको निर्देशनअनुसार सम्बन्धित सरकारी निकाय, नियामक निकाय, बीमा कम्पनी, वित्तीय संस्था तथा अन्य सरोकारवाला निकायहरूलाई आयोजनाको वर्तमान अवस्था तथा कर्मचारीहरू सम्पर्कविहीन भएको सम्बन्धमा औपचारिक रूपमा पत्राचार गरी खोज तथा उद्धारको लागि प्रयत्न गरिएको।

यस क्रममाः

- सम्बन्धित बीमा कम्पनीलाई घटनाको औपचारिक जानकारी तथा आवश्यक Insurance Intimation पठाइएको।
- प्रमुख जिल्ला अधिकारी, रसुवालाई आयोजनाको अवस्था तथा खोज तथा उद्धारका लागि आवश्यक समन्वय एवं सहयोगका लागि अनुरोध गरिएको।
- सोही क्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA), नेपाल विद्युत् प्राधिकरण (NEA) लगायतका सम्बन्धित निकायहरूलाई घटनाको अवस्था तथा आवश्यक सहयोगका लागि पत्राचार गरिएको।
- कर्मचारी सञ्चय कोष (EPF), कुमारी बैंक, नबिल बैंक लगायतका सम्बन्धित संस्थाहरूलाई घटनाबारे आवश्यक जानकारी गराइएको।
- सम्बन्धित नियामक निकायहरू, नेपाल स्टक एक्सचेन्ज (NEPSE) तथा नेपाल धितोपत्र बोर्ड (SEBON) लाई घटनाको अवस्थाबारे जानकारी गराइएको।

<u>मिति २०८३ भदौ ११ गते, बिहिबार</u>

१. कम्पनीको तर्फबाट घटनाको आधिकारिक जानकारी सम्बन्धित निकायसम्म गराएपश्चात सोको Follow up गर्नुका साथै खोज, उद्धार, बीमा तथा अन्य आवश्यक सहयोगका लागि संस्थागत समन्वय अघि बढाइएको।

२. बाढीका कारण सुरूङमा फसेका तथा सम्पर्कमा नआएका कर्मचारीहरूको खोजी कार्यको लागि जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल विद्युत प्राधिकरणलाई विभिन्न स्थानमा खटिएका कर्मचारीहरूको नामावली सहित पत्राचार तथा अनुरोध गरिएको।

३. कम्पनीका कर्मचारीहरू तथा सम्पर्क हुन नसकेका जलविद्युत केन्द्रका कर्मचारीहरूका परिवार/आफन्तजनहरूलाई घटनाको अवस्थाबारे छिटो तथा नियमित रूपमा जानकारी उपलब्ध गराउने उद्देश्यले **WhatsApp Group** स्थापना गरिएको।

उक्त माध्यमबाट उपलब्ध जानकारी, खोज तथा उद्धारका क्रममा प्राप्त विवरण तथा प्रयासहरूबारे जानकारी गराउने व्यवस्था मिलाइएको। साथै सो माध्यमबाट प्राप्त सूचना, गुनासो तथा सुझावहरूबाट थप कार्यहरू गर्न समेत सहयोग पुगेको।

रसुवागढी हाइड्रोपावर क. लि.
RASUWAGADHI HYDROPOWER CO.LTD.
2011 A.D.

४. साथै टिमुरेबाट उद्दार गरी त्रिशुली ल्याइएका तथा त्रिशुली अस्पतालमा उपचाररत मानिसहरूको सूची संकलन गरी खोजी कार्य जारी रहेको।

५. थप खोज तथा उद्धारका लागि पून हेलीबाट खोजी कार्य गर्न प्रयास गरिएको। गृह मन्त्रालयको सम्बन्धित निकायहरूमा निरनतर फोन सम्पर्क गरी उडान स्वीकृतीको लागि गरिएको प्रयासहरूको वावजुद यस दिन उडान स्वीकृती प्राप्त हुन नसकेको। कम्पनीका २ जना कर्मचारीहरू अघिल्लो दिन टिमुरेको माथिल्लो भेगमा खोजी कार्यको लागि सोही स्थानमा बास बसी निरन्तर खोजीका बाबजुद सम्पर्कविहीन कर्मचारीहरूको अवस्था पत्ता लगाउन नसकिएको, नेपाल आर्मीबाट निजहरूलाई धुन्चे उद्दार गरी ल्याइएको, सो क्रममा पुनः हेलीबाट खोजी कार्य भएको।

६. कम्पनीको काठमाण्डौ कार्यालयमा रहेका धेरै कर्मचारीहरूको आफन्तजनहरू समेत सम्पर्क बिहिन हुनुभएको दुखद खबरहरू प्राप्त हुन थालेकोले कम्पनीलाई थप मर्माहत बनाएको। यसले कार्यालयको कार्यसम्पादन समेत प्रभावित हुँदा एक अर्कोलाई सम्हाल्दै बाँकी कर्मचारीहरूबाट हरसम्भव कार्यहरू गरिएको। आयोजना क्षेत्रमा रहेका धेरै गाउँ/ बस्ती नै नरहने गरी भएको क्षतिबाट आसपासका स्थानीय बासिन्दाहरू समेत अत्यन्तै प्रभावित भएको हुँदा निजहरूबाट समेत उद्दार तथा खोजी कार्यको लागि कम्पनीको तर्फबाट पहल गरिदिन अनुरोध गरिएको।

<u>मिति २०८३ भदौ १२ गते, शुक्रबार</u>

१. खोज तथा उद्दार कार्य ढिलो भएको गुनासो सहित कम्पनीबाट सम्बन्धित निकायहरूसँग निरन्तर संवाद तथा सहयोगका लागि अनुरोध गरिएको। नेपाल सरकारका उच्च निकायहरूमा भेट तथा गुनासो राखी उद्दार कार्यलाई तिब्रता दिन आग्रह गरिएको। सो क्रममा संघ तथा स्थानिय स्तर दुवैसंग सम्बाद गरी उद्दार कार्य भइरहेको तथा थप तयारी समेत भइरहेको जानकारी प्राप्त भएको।

२. विद्युत केन्द्रको बाँधस्थलको Desander Operation Tunnel मा कार्यरत ६ जना दैनिक ज्यालादारी कर्मचारीहरू मध्ये ४ जनाको जिवित उद्दार भई धुन्चे अस्पताल ल्याइएको।

३. हेलीबाट खोजी कार्यको लागि २ वटा उडान स्वीकृती लिई आयोजनास्थलको सम्भावित स्थानमा खोजी कार्य गरिएको।

४. कर्मचारीहरूका आफन्तजनहरूसंग निरन्तर फोन, मेसेजबाट सूचना प्रवाह तथा कार्यालयमा उपस्थित हुनुभएकाहरू संग निरन्तर रूपमा सम्वाद/छलफल गरिएको।

५. सरकारी तथा सुरक्षा निकायहरूलाई आयोजनाको थप विवरणहरू लोकेशन, लेआउट नक्सा तथा माग भएका अन्य विवरणहरू दिई उद्दार कार्य ढिलाई भएकोले यथाशिघ्र कार्य अगाडि बढाइदिनुहुन अनुरोध। केन्द्र तथा जिल्ला स्थित निकायहरूसंग निरन्तर प्रत्यक्ष तथा फोन सम्वाद गरी अनुरोध गरिएको। रेस्क्यु टिमसंग ड्रोन सर्भेको लागि अनुरोध गरिएको।

RASUWAGADHI HYDROPOWER CO.LTD 2011 A.D.

६. मिडिया हाउसहरूसंग हालको अवस्थाका बारेमा जानकारी गराईएको ।

७. विभिन्न स्थानबाट उद्दार गरीएका तथा अस्पतालमा उपचाररत मानिसहरूको सूची संकलन गरी खोजी कार्य गरीएको। साथै सामाजिक सञ्जालहरूमा प्राप्त सूचना, जानकारी तथा भिडियोहरू कम्पनीका सम्पर्कमा नआएका कर्मचारीहरूसंग सम्बन्धित रही पहिचानको प्रयत्न गरिएको।

<u>मिति २०८३ भदौ १३ गते, शनिबार</u>

१. नेपाल विद्युत प्रधिकरण मार्फत Rescue Task Force संग सोझैं समन्वयको लागि छुट्टै WhatsApp group, विभिन्न प्राविधिक तथा सिनियर समूहको WhatsApp group संग विद्युत केन्द्रसंग सम्बन्धित विवरण/ सूचना आदान प्रदान गरिएको।

२. कम्पनीका संचालक समिति सदस्यहरू तथा सिनियर कर्मचारीहरू धुन्चे तथा बट्टार पुगी खोज तथा उद्दारको लागि थप पहल गरिएको।

३. विभिन्न मिडिया हाउसहरूसंग सम्पर्क गरी कर्मचारीहरूको फोटो सहितको विस्तृत विवरण तथा हालको उद्दार कार्य भइरहेको सम्बन्धमा विभिन्न पत्रपत्रिकाहरूबाट सूचना सम्प्रेषण गरिएको।

४. विभिन्न स्थानबाट उद्दार गरीएका तथा अस्पतालहरूमा उपचाररत मानिसहरूको सूची संकलन गरी खोजी कार्य जारी गरिएको।

५. मिडिया, सरकारी निकायहरूको वेवसाइट सामाजिक सञ्जालहरूमा प्राप्त सूचना, जानकारी तथा भिडियोहरूको अध्ययन गरी कम्पनीका सम्पर्कमा नआएका कर्मचारीहरूको पहिचानको लागि प्रयन्त गरिएको।

<u>मिति २०८३ भदौ १४ गते, आईतबार</u>

१. नेपाल आर्मीको Rescue Task Force बाट विद्युत गृहको पोर्टलमा RECI सर्भे गरी अध्ययन गरेको। भौगर्भिक कारण तत्काल उक्त स्थानमा हेली अवतरण हुन नसक्ने जानकारी भएकोले उद्दारको लागि आवश्यक सामग्रीहरू सहित अर्को दिनको लागि तयारी गर्ने समेत जानकारी प्राप्त भएको।

२. नेपाल विद्युत प्राधिकरणसंग उद्दार कार्यमा ढिलाई भएको व्यहोरा सहित कार्य छिट्टो गर्ने पहल गरिदिन आग्रह गरिएको।

३. बाँधस्थल तथा विद्युतगृहको सुरूङभित्र यथाशिघ्र छिटो खोजी तथा उद्दार कार्य गरिदिन तथा घट्टेखोला स्थित कार्यालय/ आवासगृह भन्दा माथिल्लो भागमा ड्रोन सर्भे गरिदिन जिल्ला प्रशासन कार्यालय, रसुवा तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई पत्राचार सहित प्राधिकरणमा भौतिक रूपमा उपस्थित भई आग्रह गरिएको। तहाँबाट कार्यहरू हालसम्म पनि तदारूकताका साथ भइरहेको र बाँकी कार्य समेत यथासम्भव छिटो हुने आंश्वासन प्राप्त भएको।

रसुवागढी हाइड्रोपावर क. लि. RASUWAGADHI HYDROPOWER CO.LTD. 2011 A.D.

मिति २०८३ भदौ १५ गते, सोमबार

१. विभिन्न अस्पतालहरूमा रहेका विरामीहरूको विवरण संकलन तथा शवहरूको नामावली/फोटो संकलन गर्न अस्पतालहरूमा नियमित रूपमा कर्मचारीहरू परिचालन गरिएको। उपत्यका बाहिरका अस्पतालहरूबाट पूर्ण विवरण प्राप्त गर्न सकिने सम्भाव्यताहरूको सम्बन्धमा जानकारी लिँदा सो सम्बन्धि विवरण नेपाल प्रहरीको आधिकारीक वेवसाईटमा प्राप्त गर्न सकिने र अस्पतालबाट उपरोक्त विवरण उपलब्ध गराउन नसकिने मौखिक जनाकारी प्राप्त भएको।

२. बिहानैदेखि विद्युतगृहको सुरूङभित्र खोजी तथा उद्दार गर्न खटिनुभएका Rescue Team सँगै खटिएका कम्पनीका प्राविधिकसंग निरन्तर सम्बाद तथा फोटो/भिडियो/जानकारी लिने कार्य गरिएको।

३. दुई पटकको प्रयासबाट विद्युतगृहको सुरूङभित्र (करिब २२० मी.) भित्रसम्म पुग्दा उद्दार गर्ने कोही नभेटिएको र सो भन्दा अगाडिको भाग पूरिएकोले उद्दार गर्न नसकिने व्यहोरा जानकारी गराई Rescue Team धुञ्चे फिर्ता भएको।

४. सो सम्बन्धी जानकारी तथा आगामी कार्ययोजनाका सम्बन्धमा संचालक समितिको आकस्मिक बैठक बसी हालसम्मको उद्दार कार्यमा नेपाल सरकारबाट भएगरेका कार्यहरूबाट सकारात्मक नतिजा नआसकेकोले थप प्रभावकारी कार्यहरू अगाडि बढाइदिन सम्बन्धित संघिय निकायहरूलाई पूनः पत्राचार सहित अनुरोध गर्ने निर्णय गरिएको।

मिति २०८३ भदौ १६ गते, मंगलबार

१. थप प्रभावकारी कार्यहरू अगाडि बढाइदिन संचालक समितिबाट नेपाल सरकार, उर्जा मन्त्रालय तथा गृह मन्त्रालयमा उपस्थित भई छलफल गरिएको।

२. कर्मचारीहरूका आफन्तजनहरूसंग कार्यालयमा हालसम्म भएगरेका कार्यहरूको प्रस्तुति, आगामी उपाय तथा प्रयत्नहरूका बारेमा छलफल गरिएको। नतिजामूलक उपलब्धी ननिस्किएकोले थप पहल गर्नुपर्ने आफन्तजनहरूको समेत माग रहेको हुँदा सम्पर्कविहिनहरूको प्रतिनिधि, संचालक समिति तथा व्यवस्थापनका प्रतिनिधि सहित नेपाल सरकारका मा. उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रीज्यू, मा. संचार तथा सूचना मन्त्रीज्यूसँग मन्त्रालयमा बैठक भएको।

३. खोज तथा उद्दार कार्यमा थप प्रयत्न गर्ने आश्वासन प्राप्त भएको।

रसुवागढी हाइड्रोपावर क. लि.
RASUWAGADHI HYDROPOWER CO. LTD.
2011 A.D.

मिति २०८३ भदौ १७ गते, बुधबार

१. कम्पनीका प्रतिनिधिहरू निरन्तर धुन्चे तथा त्रिशुलीमा रही नेपाल आर्मीसँग आवश्यक समन्वय तथा विवरण लिने कार्य भएको।

२. विद्युतगृहको सुरूङभित्र मलवा (debris) झिक्न आवश्यक उपकरणहरू तथा सामग्रीहरू (Excavator, Diesel Generator, Submersible Pump, Hose Pipe तथा सो संग सम्बन्धित पाट्सहरू खरिद गरी त्रिशुली पठाइएको।

३. नेपाल आर्मीको १० जनाको सदस्य सहित घट्टेखोला र आसपासको क्षेत्रमा Ground Search Operation कार्य भएको। सो खोजी कार्यबाट ८ जनाको शव प्राप्त भएको जानकारी भएता पनि सोको फोटो भिडियो प्राप्त हुन नसकेको।

४. कम्पनीको तर्फबाट दक्ष/अनुभवी जनशक्ति (rock climbers) मार्फत घट्टेखोला क्याम्प र सो क्षेत्र माथि थप Ground Search गर्न Himalayan Summit Club Pvt. Ltd. संग प्रकृया अगाडि गरिएको।

५. नेपाल आर्मीको रेस्क्यु टोलीले पावरहाउस भित्र एस्काभेटर तथा अन्य उपकरणहरू सहितको टोली पावरहाउसमा लैजानको लागि RECI गर्दा पावरहाउस अगाडिको स्थानमा नदीले थप कटान गरेको र उपकरण सहितको ठूलो हेली अवतरण गर्न नसक्ने व्यहोरा जानकारी प्राप्त भएको। उक्त क्षेत्रमा पुनः RECI गर्न कम्पनीबाट अनुरोध गरिएको र मौसम विग्रिएकोले भोलिपल्ट सो कार्यको तयारी गरिएको।

मिति २०८३ भदौ १८ गते, बिहिबार (९ बजे सम्म)

१. विद्युतगृहको सुरूङभित्र मलवा (debris) झिक्न खरीद गरिएका सबै उपकरण तथा सामग्रीहरू हेलीबाट लिफ्टको लागि त्रिशुलीमा तयारी अवस्थामा रहेको।

२. नेपाल आर्मीको रेस्क्यु टोली तथा कम्पनीका २ जना इन्जिनियर सहित पावरहाउसमा लैजानको लागि RECI को लागि प्रस्थान भएको।

३. Himalayan Summit Club Pvt. Ltd. लाई सम्पर्क विहिन कर्मचारीहरू बाढीको समयमा जोगिनको लागि भाग्न सक्ने सम्भावित क्षेत्रमा खोजी कार्य गर्न कार्यदिश दिइएको।

रसुवागढी हाइड्रोपावर कं. लि. RASUWAGADHI HYDROPOWER CO.LTD. 2011 A.D.